नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर
(मान्यता, समकक्षता तथा मूल्याङ्कन शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्सः ६६३०७९७
नोटिस बोर्डः १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्याः- २०७७/०७८
चलानी नं.:- १६१

मितिः २०७७/०७/१९

**विषयः पाठ्यसामग्री छपाइ तथा बिक्री वितरण सम्बन्धमा अत्यन्त जरुरी सूचना ।**

पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका २०७६ बमोजिम विद्यालय तहका विभिन्न कक्षा र विषयका पाठ्यसामग्री छपाइ तथा बिक्री वितरण गर्न यस केन्द्रबाट विभिन्न शर्तसहित अनुमति प्राप्त गरेका केही प्रकाशक/वितरकले निर्देशिका तथा यस केन्द्रको पत्रमा उल्लिखित कागजको गुणस्तर तथा लेखक/सम्पादकसम्बन्धी प्रावधान पालना नगरेको भन्ने विषयमा गुनासो प्राप्त हुने गरेकाले केन्द्रबाट प्रदान गरिएको अनुमति पत्रमा उल्लिखित सर्तहरूको पूर्णरूपमा पालना गरेर मात्र पाठ्यसामग्री परिमार्जन, प्रकाशन, छपाइ तथा बिक्री वितरण गर्नुगराउनुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ । सोअनुसार भएगरेको नपाइएमा नियमानुसार कार्यवाही भैजाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

केशवप्रसाद दहाल
महानिर्देशक